# नौकुण्ड गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सरमथली, रसुवा
### बागमती प्रदेश, नेपाल

नौकुण्ड गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सरमथली, रसुवा
बागमती प्रदेश नेपाल
२०७३

प.सं : ०७६।०७७

मिति : २०७७/२/१०

**सूचना !!!** **सूचना !!!** **सूचना !!!**

नेपालमा COVID-19 को संक्रमणको जोखिम बढ्दै गएको र स्थानीय बासिन्दाहरुबाट यस कार्यालयमा बारम्बार गुनासो समेत आएको हुनाले, गाउँकार्यपालिकाको कार्यालयबाट लिने सेवाहरु लिनेक्रममा अनावश्यक ओहोरदोहोर गर्ने तथा कार्यालय आसपासमा अनावश्यक भिडभाड गर्नाले, स्थानीय बासिन्दा लगायत सबैलाई कोरोना भाइरस संक्रमणको जोखिम बढने भएकाले तपसिल विषयहरुलाई ध्यान दिन हुन सबैमा अनुरोध गरिन्छ ।

तपसिल

१. उपभोक्ता समितिहरुले योजनाको कार्यसम्पन्न भई भुक्तानी लिनुपर्ने भएमा, वडा कार्यालयमा सम्पर्क गर्ने र वडा कार्यालयले गाउँ कार्यपालिकासँग समन्वय गरेर मात्र भिडभाड नहुने गरी , भुक्तानीको लागि आवश्यक सम्पूर्ण कागजातको तयारी पश्चात मात्र गाउँ कार्यपालिकाको कार्यालयमा पठाउने ।

२. कुनै प्रकारको सेवा लिनुपर्ने भएमा, सोधपुछ गर्नुपर्ने भएमा प्रत्यक्ष भेटघाटको सट्टामा फोन सम्पर्क उपयोग गर्ने ।

३. योजनाहरुका अनुगमन गरेपश्चात मात्र भुक्तानी हुने भएकाले तपसिल बमोजिम प्रथम चरणमा योजनाहरुका अनुगमन तथा मूल्यांकन गरिने छ ।

| सि.नं. | अनुगमन गरिने मिति | वडा नं. | अन्तिम किस्ता रकम भुक्तानी गरिने मिति |
|---|---|---|---|
| १ | २०७७/०२/११ र २०७७/०२/१२ | ३ र ४ का योजनाहरु | समितिलाई फोन मार्फत जानकारी गराइने छ । |
| २ | २०७७/०२/१३ र २०७७/०२/१४ | ५ र ६ का योजनाहरु | |
| ३ | २०७७/०२/१५ र २०७७/०२/१६ | १ र २ का योजनाहरु | |

४. टेन्डरको लागि विड डकुमेन्ट खरिद गर्न आउँदा ,एक भन्दा बढी व्यक्ति कार्यालयमा नआउने ।

५.टेन्डर खोल्ने दिन प्रति फर्मको एक भन्दा बढी व्यक्ति उपस्थित हुन नहुने ।

६. कार्यालयहरुका सेवा लिनुपर्दा अनिवार्यरुपमा मास्क तथा पन्जाको प्रयोग गर्ने ।

२/१०

प्रमुख प्रशासकीय अधिकृत

e-mail: naukundagaunpalika@gmail.com
website: www.naukundamun.gov.np